# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

**प्रेस विज्ञप्ति मिति :- २०७३।०१।२ गते।**

## आरोपपत्र दायर गरिएको

-------------------------------------------

नेपालगंज उप-महानगरपालिका वडा नं. १२ मा बाटो निर्माण समिती गठन भै बाटो निर्माण भैसकेको र केही रकम उप-महानगरपालिकाबाट भुक्तानी पाईसकेकोमा कार्य सम्पन्न प्रतिवेदन सहित अन्तिम बिल भुक्तानी लिनका लागी नेपालगंज उप-महानगरपालिकामा जादाँ उक्त कार्य गर्नका लागी सोही कार्यालयमा कार्यरत ईन्जिनियर श्यामकाजी पियाले सेवाग्राहीहरुसंग पटक पटक घुस रकम माग गरी रु ८०,०००।- (अक्षरूपी असी हजार) घुस रकम लिईसकेको अवस्थामा उक्त रकम बरामद गरी अनुसन्धान हुदाँ निजले # भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३(१) द्वारा परिभाषित कसुर गरेको पुष्टि हुन आएकोले निज ईन्जिनियर श्यामकाजी पिया उपर विगो रू ८०,०००।– (अक्षरुपी असी हजार ) कायम गरी सोहि ऐनको दफा ३(१) र ३(१)(ग ) बमोजिम दण्ड सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ।